**Butwal Campus Journal, Vol. 8, No. 1: 135-140, August 2025**

Research Management Cell, Butwal Multiple Campus, Tribhuvan University, Nepal

DOI: https://doi.org/10.3126/bcj.v8i1.85531

# प्रेम र वीरताका आलोकमा नवयुवक कवितामा देशप्रेम

**केशव सुवेदी**

keshavsubedi52@gmail.com

## लेखसार

*'नवयुवक' कवितालाई प्रेम र वीरताका आलोकमा देशप्रेमको विशिष्ट नमुना मान्न सकिन्छ । देशप्रेमको विश्लेषण गर्ने विभिन्न सैद्धान्तिक आधारहरूमध्ये रस सिद्धान्तअन्तर्गतको देशविषयक रतिभाव र वीररस पनि एउटा हो । यही सैद्धान्तिक आधारका आलोकमा हेर्दा 'नवयुवक' कवितामा देशप्रेम अभिव्यक्त भएको पाइन्छ । पुस्तकालय कार्यका माध्यमबाट सामग्री सङ्कलन गरी पाठविश्लेषण विधिको प्रयोग गर्दै अध्ययन गरिएको प्रस्तुत लेखमा देशविषयक रतिसँग सम्बद्ध आलम्बन, उद्दीपन र सञ्चारी भावहरूको सम्मिश्रणबाट देशप्रति प्रणयभाव व्यक्त भएको विश्लेषण गरिएको छ भने उत्साह स्थायीभाव भएको वीररसका आलम्बन र उद्दीपन विभाव तथा सञ्चारी भाव जस्ता रसका उपकरणहरूको सशक्त प्रयोगबाट प्रकृतिप्रेम, युवाप्रेम तथा प्रकृतिको परिवर्तनशीलता र मुलुकको परिवर्तनको चाहनाका साथै देशप्रेम प्रेयसीको प्रेमभन्दा उदात्त छ भन्ने निष्कर्ष स्थापित हुन पुगेको छ । यसका लागि रस सिद्धान्तको रति र उत्साह स्थायीभाव भएको वीररसका विभिन्न रससाग्रीहरू पाठभित्र घटित गराई 'नवयुवक' कविता देशप्रेमले भरिएको उत्कृष्ट रचना हो भन्ने पुष्टि गरिएको छ ।*

**शब्दकुञ्जी :** रतिभाव, उत्साह, अनुराग, वीररस, हर्षभाव, गर्वभाव, विस्मयभाव ।

## विषयपरिचय

प्रस्तुत लेख माधव घिमिरे (वि.सं. १९७६-२०७७) द्वारा विरचित 'नवयुवक' कवितामा देशप्रेमको विश्लेषण गर्ने कार्यसँग सम्बन्धित छ । माधव घिमिरे नेपाली साहित्यमा कविता विधाका मूर्धन्य स्रष्टा हुन् । उनले कविता, खण्डकाव्य, गीत र गीतिनाटक रचना गरेका छन् र उनका यस्ता थुप्रै कृतिहरू पुस्तकका रूपमै प्रकाशित छन् । उनी सशक्त बालसाहित्यकार पनि हुन् र बालहृदयलाई आकर्षित गर्ने खालका बालगीत र कविता पनि उनले रचना गरेका छन् । यहाँ उनको 'नवयुवक' कविताको मात्र रससिद्धान्तको शृङ्गार र वीर रसका आलोकमा देशप्रेमपरक अध्ययन गरिएको छ । रससिद्धान्त कृति विश्लेषणको संस्कृतसाहित्य शास्त्रीय सिद्धान्त हो र यसले कृतिमा रसास्वादनपरक अध्ययन गर्दछ । विभाव, अनुभाव र व्यभिचारी भावहरूको संयोगबाट परिपुष्ट सहृदयका मनमा वासनाका रूपमा वा संस्कारका रूपमा रहेको रत्यादि स्थायी भावरूपी आनन्दात्मक मनोभावको अवस्था नै रस हो । उपाध्याय (२०६७, पृ. १८) का अनुसार यसको आस्वादन जिब्राले हैन संवेदनशील हृदयले गर्दछ । माधव घिमिरेको 'नवयुवक' कवितामा देशविषयक रति र वीररसका के कस्ता उपकरणहरूको प्रयोग भएको छ र तिनले कवितामा निहित देशप्रेमको भावलाई कसरी प्रोज्ज्वलित पारेका छन् र रति एवम् वीररसका उपकरणका कारण यो कविता के कति हृदयस्पर्शी बनेको छ भन्ने कुराको अध्ययनसमेत यस लेखमा गरिएको छ ।

माधव घिमिरेको 'नवयुवक' कवितामा पूर्वीय रससिद्धान्तका आलोकमा देशप्रेमको भाव के कसरी व्यक्त भएको छ भन्ने मूल समस्या वा प्रश्नमा केन्द्रित रही 'नवयुवक' कविताको देशभक्तिपरक अध्ययन गर्नुलाई यसको मूल उद्देश्य बनाइएको छ । यस लेखको विषयगत सीमा माधव घिमिरेको 'नवयुवक' कविता हो भने यसको सैद्धान्तिक सीमा देशप्रेमलाई उद्घाटित गर्ने रससिद्धान्त अन्तर्गतका देशविषयक रति र वीररसलाई मात्र मानिएको छ । यही विषयगत र सैद्धान्तिक सीमामा रहेर यो लेख तयार पारिएको छ ।

## अध्ययनविधि

प्रस्तुत लेखको मूल सैद्धान्तिक आधार रस सिद्धान्त हो भने उक्त सिद्धान्तका देशभक्ति विषयक रति र उत्साह स्थायी भाव भएको वीररसका माध्यमबाट व्यक्त हुने देशप्रेमको अभिव्यक्ति नै यस लेखमा अँगालिएको विश्लेषणको ढाँचा हो । यसको विश्लेषणका लागि देशभक्ति विषयक रति र उत्साह उन्मुख वीररसका विभिन्न मान्यताहरूमा आधारित रही यसैअनुसारको विश्लेषण ढाँचा तयार पारिएको छ : (क) मुलुकको प्रकृतिप्रतिको प्रेम, (ख) युवाशक्तिप्रतिको अनुराग, (ग) आमूल परिवर्तनका लागि युवाशक्ति, (घ) प्रकृतिको परिवर्तनशीलता र मुलुकको परिवर्तन तथा (ङ) प्रेयसी प्रेमभन्दा देशप्रेमको विशालता ।

## सैद्धान्तिक आधार

प्रस्तुत लेखको विश्लेषणको मूल आधार देशप्रेम हो र देशप्रेमका लागि अवलम्बन गरिएको सैद्धान्तिक आधार रससिद्धान्त हो । रससिद्धान्तमा रसका नौ प्रकारको विवेचना गरिएको छ तर यस लेखमा भने देशविषयक रति मानिने शृङ्गार र उत्साह स्थायी भाव भएको वीर रसलाई मात्र सैद्धान्तिक आधारका रूपमा लिइएको छ ।

### देशविषयक रति

प्रस्तुत अध्ययनमा देशभक्ति भावनाको अभिव्यक्तिका लागि रससिद्धान्तअन्तर्गत नौओटा भावहरूमध्ये रति स्थायीभावअन्तर्गत पर्ने देशविषयक रतिभाव र त्यससँग सम्बद्ध विभाव, अनुभाव र सञ्चारी भावहरूलाई विश्लेषणको आधार बनाइएको छ र उक्त रसको सौन्दर्यपूर्ण प्रयोगको अध्ययन गरी देशभक्तिको भावलाई व्यक्त गर्न कविले अवलम्बन गरेको अभिधान कलाकोसमेत चर्चा गरिएको छ । देश विषयक रतिको स्थायी भाव देशप्रति रति वा प्रेम हो । रति भनेको देवता, मुनि, गुरु, राजा, पुत्र, शिष्य आदि विषयमा प्रकट गरिने प्रेम वा अनुराग पनि हो । यसैगरी कान्ता वा नायिका विषयमा वर्णित प्रेम पनि हो । नायिका वा कान्ता विषय वर्णित रति शृङ्गार रस हो भने अन्य रतिलाई भाव र त्यस्तो रतियुक्त काव्यलाई भावकाव्य भनिन्छ भन्ने बुझिन्छ । प्रिय वस्तुमा मन प्रेमपूर्ण रूपमा उन्मुख हुनुलाई रति भन्दछन् (विश्वनाथ, सन् १९८१, पृ. १७६) । यसरी रति विविध अर्थमा प्रयुक्त भए पनि शृङ्गार रसका सन्दर्भमा रति भनेको नायक नायिकाबिचको विशिष्ट प्रकारको प्रमोदपूर्ण अभिव्यञ्जना हो भन्ने बुझ्नुपर्दछ । देशविषयक रतिमा देशप्रति अटुट र अविरल माया, लगाव र भक्तिको भावना नै स्थायी भाव वा मूल भाव हो । यसको आलम्बन विभाव भनेको देशको प्राकृतिक सौन्दर्य, सांस्कृतिक विरासत, गौरवशाली इतिहास, राष्ट्रिय प्रतीक (झन्डा, राष्ट्रगान) आदि हुन् । यसका उद्दीपन विभावमा देशको रक्षा गर्ने सैनिकहरू, पहरेदारी गर्ने युवाहरू, राष्ट्रिय पर्वहरू (दशैं, देशभक्ति दिवस), देशभक्तिपूर्ण गीत र अन्य सिर्जनाहरू पर्दछन् । यसका अनुभावहरूमा देशप्रेमले भरिएका नागरिक, युवा र सैनिकहरूले गर्ने क्रियाकलापहरू पर्दछन् । यसका सञ्चारी भावहरू उत्साह (देशको विकासका लागि काम गर्ने जोस पैदा गर्ने), गर्व (देशको समृद्ध संस्कृति र इतिहासमा गर्वको भाव), क्रोध देशको अवमूल्यन गर्ने कुनै कुरामा उठ्ने रिस ; विस्मय (देशको प्राकृतिक सुन्दरता र युवाहरूको बलिदानीपूर्ण परिवर्तनबाट मन्त्रमुग्ध हुनु) तथा शम (देशको शान्ति र सुरक्षा देखेर सुखद अनुभूति हुनु ) मुख्य हुन् ।

### उत्साहपूर्ण वीरता

जब कुनै व्यक्तिमा शौर्य, पराक्रम, धैर्य र साहसको भाव जागृत हुन्छ, तब वीररसको निष्पत्ति हुन्छ । वीररसको स्थायी भाव उत्साह हो । उत्साह उत्तम प्रकृतिका व्यक्तिहरूसँग सम्बद्ध छ । विषादको अभाव, शक्ति, धैर्य, दानशीलता, कुनै कार्यको आरम्भको प्रगल्भता (जोड) आदि अनुभावद्वारा यो व्यक्त हुन्छ (भट्टराई, २०३९, पृ.२०) । उत्साह मनको एक प्रयत्नमूलक र उल्लासपूर्ण वृत्ति हो जसद्वारा मनुष्य उत्कट आवेशका साथ कुनै कार्य गर्नमा प्रवृत्त हुन्छ र जसको अभिव्यक्ति शक्ति, शौर्य एवम् धैर्यको प्रदर्शनमा हुन्छ

(वर्मा, सन् १९८७, पृ.११७) । यसरी उत्साह भनेको उत्तम प्रकृतिको साहसको भाव हो भन्ने बुझिन्छ । यो रस युद्ध, त्याग, दान, देशभक्ति अथवा धर्मयुद्ध जस्ता परिस्थितिहरूमा अभिव्यक्त हुन्छ । उत्साह, उमङ्ग वा साहस वीररसका स्थायी भाव हुन् । यसको आलम्बन विभाव योद्धा, राजा, दानवीर नायक हो भने त्यस्तो वीरताको कारण धर्मको रक्षा, देशभक्ति या अत्याचारको विरोध हो । वीरतालाई उत्प्रेरित गर्ने तत्त्व यसका उद्दीपन विभाव हुन् । युद्धको मैदान, शत्रुका सेना, वीरतालाई प्रोत्साहित गर्ने खालका वक्तव्य र आह्वान यसअन्तर्गत पर्दछन् । यसका अनुभाव अन्तर्गत वीरताका समयमा शरीरमा देखिने बाह्य लक्षणअन्तर्गत आँखा राताराता हुनु, मुखमण्डलमा रातोपन देखिनु, छाती तानेर हतियार उठाउनु जस्ता पक्ष आउँछन् । उत्साह स्थायी भाव परिपुष्ट हुनका लागि गर्व, धृति, दया, हर्ष, मति, आवेग आदि सञ्चारी भावहरू छिन छिनमा हृदयमा सञ्चरण भइरहन्छन् र तिनै भावहरूले उत्साह भावलाई स्थिर राख्दै वीररस निष्पन्नताका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछन् ।

## नवयुवक कवितामा देशप्रेमको अभिव्यक्ति

'नवयुवक' कवितामा देशविषयक रति र वीर रसद्वारा देशप्रेम अभिव्यक्त भएको छ । यसमा विश्लेषणको ढाँचाअन्तर्गत तयार पारिएका बुँदाहरू नै यस लेखको विश्लेषणका उपकरणहरू हुन् र तदनुसार तलका उपशीर्षकहरूमा सम्बद्ध विषयको विश्लेषण गरिएको छ ।

### मुलुकको प्रकृतिप्रतिको प्रेम

'नवयुवक' कवितामा देशभक्तिको मुख्य तत्त्वका रूपमा रहेको मुलुकको प्रकृतिप्रतिको प्रेमलाई विभिन्न भाव र सौन्दर्यको प्रयोगबाट निकै प्रखर रूपमा व्यक्त गरिएको पाइन्छ । तलको कवितांशमा देशको प्रकृतिको वर्णनबाट देशप्रति रति वा प्रेमभाव प्रकट भएको छ । वैशाखमा फुल्ने सुनगाभाका कुसुम वन र शरद ऋतुमा रजनीले प्रदान गर्ने ज्योत्स्नाको सन्दर्भ प्रस्तुत गरी कविले मुलुकको प्रकृतिप्रति अटुट माया यसरी प्रकट गरेका छन् :

सुन्गाभाका कुसुम वनमा आज वैशाख उन्छिन्
छाया ढालीकन विरहमा आज आषाढ रुन्छिन्
बाली ज्योत्स्ना शरद रजनी पर्सि पर्खीरहन्छिन्
यौटी बाला तन मन तिमीलाई अर्पीरहन्छिन्

(आधुनिक नेपाली कविता, २०२८, पृ. २१८)

यस कवितांशमा आलम्बनका रूपमा देशको प्राकृतिक सौन्दर्य आएको छ । प्राकृतिक सौन्दर्यभित्र देखिने छटाले उद्दीपनको काम गरेको छ भने यसमा हर्ष, उत्सुकता, गर्व जस्ता सञ्चारी भावको सञ्चरण भएको छ किनभने प्रिय व्यक्तिसँग मिलन वा मानसिक सन्तोष हर्ष सञ्चारी भावको लक्षण हो भने मनमा बारम्बार उठ्ने सोच, चिन्ता सञ्चारी भावको लक्षण हो । त्यसै गरी गर्व सञ्चारी भावमा राष्ट्रिय स्वाभिमान र अरूमाथि त्यसको अभिव्यक्ति जस्ता सन्दर्भ पर्दछन् । प्रस्तुत कवितामा सुनगाभा फुल्ने वैशाख र शरद्को कान्तिसँगको मिलनले मानसिक सन्तोष पैदा गरेको छ भने यसमा आषाढ विरहमा रोएको सन्दर्भले मुलुकमा वियोगको चिन्ता प्रकट भएको छ । त्यसै गरी यस्तो प्रकृतिप्रति गर्वको अनुभूतिसमेत यसमा सञ्चरण भएको छ । उपर्युक्त विभाव, अनुभाव र व्यभिचारी भावका सापेक्षतामा प्रस्तुत कवितामा देशप्रेम विषयक रति स्थायी भाव व्यक्त भएको छ ।

### युवाशक्तिप्रतिको अनुराग

युवाशक्तिप्रतिको अनुराग 'नवयुवक' कविताको विशिष्ट पक्ष हो । यस अनुरागभित्र कविले शृङ्गार रसको प्रकृति र देशप्रेम विषयक रति भाव एवम् उत्साह प्रदान गर्ने वीररसको अभिव्यक्तिसमेत गरेका छन् । यी दुई भाव र रसका माध्यमबाट कविले युवाशक्तिप्रतिको अनुराग प्रकट गरेका छन् ।

जुँघारेखी भरखर बसी मुस्कुराईरहेको
को होला त्यो कुन लहडमा गीत गाईरहेको

(पृ. २१८)

तिम्रा लामा सबल भुज छन् शैल बोक्लान् समान
छाती तिम्रो दृढतर छ त्यो वज्र रोक्ला समान
तिम्रै कन्धाउपर युगको भार राखी दिऊँ कि
मागी तिम्रै हृदय म पनि बैंसमा फक्रिऊँ कि

(पृ. २१८)

मथिका कवितांशमध्ये सुरुका दुई हरफमा कविले जुँगारेखी भर्खरै बसेको र मुस्कुराइरहेको लहडी युवकलाई आलम्बन बनाएका छन् भने पछिल्लो पद्यमा उक्त युवकका बलिया भुजा, कठोर छाती र उसमा अन्तर्निहित युग थाम्न सक्ने ताकतको वर्णन गरेका छन् । यस कवितामा पनि हर्ष, उत्सुकता, गर्व जस्ता सञ्चारी भावको सञ्चरण भएको छ किनभने मुलुकको अभिभारा वहन गर्ने युवाहरूप्रतिको सम्बोधन र विश्वास, प्रिय व्यक्तिसँग मिलन वा मानसिक सन्तोष हर्ष सञ्चारी भावको लक्षण हो भने चिन्ता सञ्चारी भावमा युवाहरूका काँधमा देश राख्न पाए हुन्थ्यो भन्ने मनमा बारम्बार उठ्ने सोच यसको लक्षण हो । त्यसै गरी गर्व सञ्चारी भावमा युवाहरूप्रतिको अभिमान र उक्त अभिमान पूरा हुने विश्वासले यस कवितामा विभिन्न सञ्चारी भावहरू सञ्चरण हुँदै प्रेम र वीरताका आलोकमा देशप्रेम व्यक्त भएको छ ।

**आमूल परिवर्तनका लागि युवाशक्ति**

मुलुकमा समयानुकूल आमूल परिवर्तनका निम्ति तत्परता हुनु र त्यसको पक्षमा दृढता साथ उभिनसक्नु पनि देशप्रेम हो । 'नवयुवक' कविताका तल उद्धृत कवितांशमा कविले युवाहरूका जोसका अगाडि अग्ला अग्ला सिंहासनहरू ढलेको, सामन्तीका अवशेषहरू समाप्त भएको र युवकहरूकै बलिदानका कारण यो सम्भव भएको कुरा व्यक्त गरी युवाहरूलाई प्रेम गरेर देशप्रति नै अटुट माया व्यक्त गरेका छन् ।

अग्ला सिंहासनहरू हिले, क्रूर अन्याय काँपे
सामन्तीका खँडहरमहाँ क्रान्तिका दूत नाचे
काला धब्बा रगतहरूका खुर्किए, स्वार्थ हारे
गर्जी गर्जी जब युवकले ज्यानको आश मारे

(पृ. २१८)

घेर्छन् छाया जब विपतका दूरमा गर्जिएर
छिप्छन् मान्छे जब घरघरै त्रासमा तर्सिएर
त्यो बेला हे युवक ! खतरा खोज्नका निम्ति निस्क
आँधीबेरीसित जुध तिमी कालका साथ जिस्क

(पृ. २१८)

माथिको पहिलो कवितांशमा युवाहरू आलम्बन हुन् भने युवाहरूकै कारण अग्ला सिंहासन ढलेको, अन्याय काँपेको र सामन्तीका भत्केका खण्डहरमा शाान्तिका दूत नाचेको जस्ता सन्दर्भ उद्दीपन विभावको रूपमा आएका छन् । त्यसै गरी दोस्रो कवितांशमा युवकहरूलाई सम्बोधन गर्नु यसको आलम्बन र उद्दीपन हो । युवकहरूलाई खतरा खोज्नका लागि निस्कन र आँधीबेहरीसँग जुध्न प्रेरित गर्नु पनि उद्दीपन हो । माथिको कवितांशमा इच्छाहरूको पूर्ति र चित्तको चञ्चलताको अभाव जस्तो धृति सञ्चारी भाव, पूर्व अनुभूत वस्तु अर्थात् सामन्तीका महल ढलेको कुराको वर्णनले स्मृति तथा वाञ्छित वस्तु अर्थात् क्रान्ति प्राप्त गर्नका लागि विलम्बता नसहने प्रवृत्ति जस्तो उत्सुकता सञ्चारी भावसमेत सञ्चरण भएको छ । यसरी माथिका कवितांशमा आलम्बन र उद्दीपनका साथै धृति, स्मृति, उत्सुकता र हर्ष जस्ता सञ्चारी भावहरू उठ्दै र हराउँदै गरी देशप्रेम विषयक रति भाव तथा मुलुक निर्माणको उत्साह सम्बद्ध वीररसलाईसमेत समेटी देशप्रतिको अटुट प्रेम व्यक्त भएको देखिन्छ ।

**प्रकृतिको परिवर्तनशीलता र मुलुकको परिवर्तन**

राष्ट्र भनेका देशका ढुङ्गा, माटो, पहाड, नदी, नाला र त्यस देशमा बस्ने जनता पनि हुन् । कविले 'नवयुवक' कवितामा प्रकृति परिवर्तनशील भए जस्तै मुलुकमा चलिरहेका सामन्ती शासन व्यवस्थाहरू पनि स्थिर रहँदैनन् भन्ने विचार सम्प्रेषण गरेका छन् भने परिवर्तनको कामना प्रकृतिबाट सिक्नुपर्छ र देशप्रेममा उद्यत हुनुपर्छ भन्ने भाव पनि तलको कवितांशमा प्रस्तुत भएको छ :

हावा लागी शिशिरऋतुका पात काँप्छन् पुराना
ढाकी क्वैली कुसुम-वनमा बोल्छ नौलो जमाना
नौला नौला लहरहरूमा जिन्दगी हेर चढ्छ
हाँक्छन् लाखौँ युवकहरूले हेर संसार बढ्छ

(पृ.२१९)

डाँडाकाँडा वन चहुरमा घाम लागीरहेछ
लाखौं लाखौं सुख र दुखमा लोक लागीरहेछ
छि : यो बेला नबस घरमा, निस्क आलस्य फाली
हे तन्देरी, उठन पृथिवी तीन बित्ता उचाली

(पृ.२१८)

पैलो झुल्कासरि हिमचुली देशको टाकुरामा
नौलो वान्की बलसरि नयाँ वीरको पाखुरामा
बोकी आऊ नव किरणको बाण हे नौजवान
छोई देऊ नव लहरले विश्वको प्राण प्राण

(पृ.२१९)

माथिको पहिलो पद्यमा शिशिर ऋतु, कोइली र युवकहरू आलम्बन हुन् भने पातहरू झर्नु, नयाँ जमाना आह्वान गर्नु र युवकहरूले संसार हाँक्नु जस्ता सन्दर्भ उद्दीपन हुन् । प्रकृति प्रेम र परिवर्तनका लागि विलम्ब नसहने उत्सुकता सञ्चारी भावका साथै मानसिक सन्तोष प्राप्ति जस्तो हर्ष र युवाहरूप्रति अभिमानको गर्वभाव समेत सञ्चरित भई यस कवितामा देशप्रेम र वीरताका आलोकमा राष्ट्रप्रेमको भाव व्यक्त भएको छ । त्यसै गरी दोस्रो पद्यमा डाँडाकाँडा, जनता र तन्नेरी आलम्बन हुन् भने घाम लाग्नु, लोकसुख र दुःखमा रमाउनु अनि तन्नेरीहरूलाई घरबाट निस्कन प्रेरित गर्नु यसका अनुभाव हुन् । त्यसै गरी मुलुकमा परिवर्तनको उत्कण्ठा अत्यन्त तीव्र रूपमा व्यक्त हुनुबाट उत्सुकता, मुलुकको गौरवप्रति अभिमानका माध्यमबाट गर्व र इच्छाहरूको पूर्ति र चित्तको चञ्चलताको अभावबाट धृति जस्ता सञ्चारी भावहरू सञ्चरण भई यस कवितामा देशविषयक रति र वीरताका साथ देशप्रेमको भाव व्यक्त भएको छ । त्यसै गरी तेस्रो पद्यमा हिमाली टाकुरा, वीरका पाखुरा र नौजवान आलम्बन हुन् । टाकुरामा घाम झुल्किनु, वीरको पाखुरामा बल वा ताकत भरिनु र नौजवानले त्यस ताकतले छोएर विश्वमा नयाँ लहर ल्याउनु यसका उद्दीपन हुन् । यसमा पनि वीरहरूलाई प्रकृतिको सुन्दरता हेरेर यथाशीघ्र परिवर्तनका लागि प्रेरित गर्ने जस्तो उत्सुकताका साथै वैयक्तिक अभिमान र अरूमा समेत त्यसको जागरणको कामनाबाट गर्व सञ्चारी भाव सञ्चरित हुँदै रति र उत्साहसहितको देशप्रेम व्यक्त भएको छ ।

**प्रेयसी प्रेमभन्दा विशाल देशप्रेम**

देशप्रेम प्रेयसी प्रेमभन्दा पनि उदात्त हुन्छ र विशाल हुन्छ । घिमिरेको 'नवयुवक' कवितामा यही भाव मुखरित भएको छ । यस कविताका निम्नलिखित पद्यहरूमा प्रेयसीको प्रेमलाई भन्दा नवयुवकहरूले देशलाई माया गर्नुपर्छ भन्ने विचार व्यक्त भएको छ । यी पद्यहरूमा पनि देशविषयक रति र उत्साहका माध्यमबाट देशप्रेमको भाव व्यक्त भएको पाइन्छ :

यो छायामा प्रणय-सुखमा गाउने छैन बेला
हेर्छन् हाम्रै मुखतिर पुछी आँसु, चीसा परेला

यी हारेका हृदयहरूले उन्दछन् अश्रु-हार
गर्छिन् फुस्रो शिशिरऋतुमा मृत्यु हाम्रो पियार
(पृ. २१९)

यो छायामा जब युवतिले गीत क्यै गाउँदैनन्
यो बाटोमा जब युवकले जीत क्यै ल्याउँदैनन्
डाकी क्वैली अनि वनवनै बोल्न छोड्ला वसन्त
निभ्लान् तारा ग्रहहरू, त्यहीँ सृष्टिको हुन्छ
(पृ. २१९)

माथिको पहिलो पद्यमा युवाहरूलाई आफ्ना प्रेयसीसँग रमाउने बेला यो होइन, यो त राष्ट्रलाई अगाडि बढाउनका लागि युवाहरू जोस र जाँगरसाथ लाग्ने बेला हो भन्ने भाव व्यक्त भएको छ । यस कवितामा युवाहरू र शिशिर ऋतु आलम्बन हुन् भने युवाहरूलाई प्रणय सुखबाट विमुख गराउने र मुलुक रोएको कुराले युवाहरूलाई उद्दीप्त पार्ने उद्दीपन विभाव हुन् । यस कवितामा कविले इच्छाहरूको पूर्ति र चित्तको चञ्चलताको अभाव जस्तो धृति, वाञ्छित वस्तु प्राप्तिमा विलम्ब नसहने अर्थात् युवाहरूले प्रेयसीसँग रमाएर समय खेर फाल्न नहुने जस्तो उत्सुकता सञ्चारी भाव र युवाहरूप्रति मुलुकको स्वाभिमान जगाउने प्रेरणा जस्तो गर्व सञ्चारी भावहरू यसमा सञ्चरण भएका छन् र तिनले देशविषयक रति र उत्साहका माध्यमबाट देशप्रेमको भाव व्यक्त गरेका छन् । माथिको दोस्रो पद्यमा युवतीहरू, युवकहरू, वसन्त ऋतु, तारा र ग्रहहरू आलम्बन हुन् । यी सबैले आ-आफ्ना कर्म गर्नुपर्छ र नगर्दा प्रकृति नै चल्दैन भनी उत्प्रेरित गर्नु यसको उद्दीपन विभाव हो भने यसमा पनि क्रमशः हर्ष, चिन्ता, गर्व र उत्सुकता जस्ता सञ्चारी भावहरू सञ्चरण भई रति र उत्साहपरक देशप्रेमको भाव सशक्त रूपमा व्यक्त भएको छ ।

## निष्कर्ष

प्रस्तुत 'नवयुवक' कवितामा देशभक्तिको भावना उत्कृष्ट रूपमा प्रकट भएको छ । रस सिद्धान्त अन्तर्गतको देशविषयक रति भाव, प्रकृति विषयक रति भाव त्यससँग सम्बद्ध विभाव, अनुभाव र सञ्चारी भावहरू क्रमशः सञ्चरण भई देशविषयक रति र उत्साहले भरिएको वीररसका माध्यमबाट देशप्रेम मुखरित भएको छ । यस्तो प्रेम मुखरित गर्न कविले एकातिर मुलुकको प्रकृतिप्रति अगाध प्रेम व्यक्त गरेका छन् भने अर्कातिर परिवर्तनका संवाहक युवाशक्तिप्रति असीम अनुराग व्यक्त गरेका छन् । त्यसै गरी आमूल परिवर्तनका लागि युवाशक्तिको आवश्यकता तथा परिवर्तनको पाठ प्रकृतिबाट सिक्नुपर्ने तथा युवाहरू आफ्ना प्रेयसीभन्दा पनि मुलुकलाई सङ्कट परेका बेला देशलाई छातीमा राखेर हिँड्नुपर्ने भाव यस कवितामा व्यक्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची

आधुनिक नेपाली कविता (२०२८). काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
उपाध्याय, केशवप्रसाद (२०६७). *पूर्वीय साहित्य सिद्धान्त.* (दोस्रो.संस्क), ललितपुर : साझा प्रकाशन ।
ढकाल, वेणीमाधव (सम्पा. २०६७). *काव्यदीपिका.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।
पन्त, भरतराज (२०५६). *नेपाली अलङ्कार परिचय.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
पौडेल, विष्णुप्रसाद (२०५७). *संस्कृत काव्यशास्त्र.* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।
भट्टराई, गोविन्दप्रसाद (२०३१). *पूर्वीय काव्यसिद्धान्त.* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
भट्टराई, गोविन्दप्रसाद (२०३९). *भरतको नाट्यशास्त्र.*(अनु.). काठमाडौँ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।
वर्मा, धीरेन्द्र (सम्पा.१९८७). *हिन्दी साहित्य कोश.* वाराणसी : ज्ञानमण्डल प्रकाशन ।
विश्वनाथ (१९८१). *साहित्यदर्पण.* (व्याख्या : शेषराज शर्मा) वाराणसी : कृष्णदास अकादमी ।
शर्मा, ऋषिराम (२०७०). *नेपाली रस परिचय.* काठमाडौँ : जुगल पब्लिकेसन प्रा.लि. ।
सिग्द्याल, सोमनाथ (२०५८). *साहित्य प्रदीप.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।